निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref: २०८०/०८१/६९ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मिति : २०८०/११/१६
नेपाल संवत् ११४४ सिल्लागा, ४ बुधबार

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः- सहयोग तथा समन्वय सम्बन्धमा।

इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर १ मा रिक्त प्रदेश सभा सदस्य पदमा निर्वाचनका लागि आयोगको मिति २०८० फागुन १३ गतेको निर्णय बमोजिम २०८१ वैशाख १५ गते उपनिर्वाचन गर्ने गरी मिति तोकिएको छ। उपनिर्वाचन प्रयोजनका लागि संलग्न अनुसूची-१ बमोजिम सबै जिल्लाका वडा कार्यालयसम्म मिति २०८० फागुन २८ गतेदेखि मिति २०८० चैत ५ गतेसम्म मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सञ्चालन हुँदैछ। उक्त कार्यक्रममा स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने संलग्न बमोजिमका कार्यहरू (कार्यक्रमको बुँदा नं. ८ सँग सम्बन्धित) का विषयमा तहाँ मन्त्रालयबाट सबै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्थाका लागि आयोगको मिति २०८० फागुन १६ गतेको निर्णयानुसार अनुरोध छ।

(लक्ष्मीदत्त कलौनी)
उपसचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

२०८०/०८१/ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

## मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कार्यहरू

### (कार्यक्रमको बुँदा नं. ८ सँग सम्बन्धित)

क. कार्यक्रममा नागरिकको सहभागिता वृद्धि गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसारमा सहयोग गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

ग. मातहतका वडा सचिवहरूलाई देहायको कार्य सम्पादन गर्न निर्देशन तथा सहजीकरण गर्ने,

- अनुसूची-१ बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- अनुसूची-१ बमोजिम हुने कार्यक्रम सञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरूले पेश गरेका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने,
- दर्ता हुन आएका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- आफ्नो वडामा दर्ता हुन आएका मृत्यु, बसाइँ सराई सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरू आफ्नो कार्यालयको सूचना पाटिमा टाँस गर्ने व्यवस्था मिलाउने,
- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा तोकिएका अन्य कार्यहरू गर्ने।